<u>सिरहा जिल्लाको सुखीपुरमा निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडद्वारा</u>

# ब्यवसायिक बेमौसमी तरकारी खेती तालिम सम्पन्न




काठमाण्डौं नक्सालमा केन्द्रीय कार्यालय रहेको निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेडले संस्थाका आफ्ना ३५ जना ग्राहक सदस्यहरुको सहभागितामा २०७६ असार १५ गते देखि १७ गतेसम्म सिरहा जिल्लाको सुखीपुरमा **"ब्यवसायिक बेमौसमी तरकारी खेती तालिम"** सम्पन्न गरेको संस्थाका सुखीपुर शाखा कार्यालयका शाखा प्रमुख श्री ओमप्रकाश कुमार साहले जानकारी गराएका थिए । यस तालिममा प्रशिक्षकहरु श्री लक्ष्मीनारायण यादब र श्री राम सेवक ठाकुर रहेका थिए ।

एक परिवारमा एक जना उद्यमी बनाउन संस्थाले पहल गरी रहेको, संस्थाले साढे दुई दशकदेखि निरन्तर लघुवित्त सेवा दिई रहेको यस संस्थाबाट कर्जा लिई ब्यवसाय गरी धेरै घरपरिवार आर्थिक समुन्नततिर अगाडि बढेको समेत संस्थाका क्षेत्रिय प्रबन्धक श्री आनन्द कूमार गौतमले बताएका थिए । तालिममा सहभागीहरुलाई स्वागत गर्नुका साथै तालिमको उद्देश्य बारेमा संस्थाको सुखीपुर शाखाका प्रमुख श्री ओमप्रकाश कुमार साहले प्रकाश पारेका थिए ।

यस निर्धन उत्थान लघुवित्त वित्तीय संस्था लिमिटेड ७ वटै प्रदेशका देशको ७७ वटै जिल्लाहरुको शाखा संञ्जाल रहेको नेपालको एक मात्र सबैभन्दा ठूलो लघुवित्त संस्था हो । संस्थाले १८१ वटाशाखाहरु, १० वटा क्षेत्रीय कार्यालय र केन्द्रीय कार्यालय गरी १९२ वटा कार्यालयहरुको स्थापना गरी संस्थाले लघुवित्त सेवा पुऱ्याई रहेको छ । संस्थाले ग्रामीण क्षेत्रमा बसोबास गर्ने शोषित,

उत्पिडित, पिछडिएका विपन्न परिवारका महिलाहरुलाई समूहमा आवद्ध गराई विनाधितो लगानी गर्नुका साथै सीपमूलक तालिम, उद्यमशीलता विकास तालिम, सचेतनामूलक कार्यक्रमहरु संचालनगर्दै आर्थिक, सामाजिक, बौद्धिक विकास गर्दै आई रहेको छ । यस संस्थाले देशको कुनाकुनामा शाखाहरु स्थापना गरी ग्राहक सदस्यहरुलाई सीप विकास तालिम प्रदान गर्दै आई रहेको छ साथै तालिम लिएका सदस्यहरुलाई आवश्यकतानुसार लगानी समेत गर्दै आईरहेको छ ।

संस्थाले २०७६ जेष्ठ मसान्तसम्ममा ३ लाख ५० हजार २१ घरपरिवारहरुमा सेवा विस्तार गरेको छ । संस्थाले २०७६ जेष्ठ मसान्तसम्ममा लगानीमा रहेको कर्जा रु. १९ अरब ३ करोड ८७ लाख रहेको छ भने ग्राहक सदस्यहरुका १० अरब ५७ करोड ४८ लाख बचत परिचालन गरेको छ । तरकारी खेती गरी रहेका र गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका सुखीपुर  शाखाका शाखा प्रमुख श्री ओमप्रकाश कुमार साहले जानकारी गराएका थिए ।

तालिमको अन्त्यमा तालिमको मूल्याकंन सहभागी श्री तूलसी कूमारी महतो , सहभागी श्री सुमीला चौधरी, श्री रामदुलारी देवी दासले मन्तब्य राखेका थिए । ब्यवसायिक रुपमा तरकारी खेती गरेमा राम्रो फाईदा लिन तालिमले सहयोग गर्ने सहभागीहरुले बताएका थिए । तरकारी खेती गरी रहेका गर्न इच्छुक संस्थाका ग्राहक सदस्यहरुलाई थप ज्ञान, सीप प्रदान गर्न यस तालिममा सहभागी गराईएको संस्थाका क्षेत्रीय प्रमुख श्री आनन्द कूमार गौतमले जानकारी गराएका थिए । तालिमको संचालन सुखीपुर शाखाका प्रमुख श्री ओमप्रकाश कुमार साहले गरेका थिए ।




